# बालविकास केन्द्रको व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम्.एड्.) दोश्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

शोधपत्र

शोधकर्ता

**आत्म विकास पौडेल**

त्रि.वि दर्ता नं. : ३४-०३५२२८-३

परीक्षा रोल नं. : २४००००१/२०६३

त्रिभुवन विश्वविद्यालय शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

भाद्र, २०६८

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता आत्म विकास पौडेलद्वारा तयार पारिएको **"बालविकास केन्द्रको व्यवस्थापन"** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

..................................

स. प्रा. जयकृष्ण शर्मा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०६८।४।५

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्.एड्. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि विद्यार्थी आत्म विकास पौडेलद्वारा तयार पारिएको **"बालविकास केन्द्रको व्यवस्थापन"** विषयको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको हुनाले मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

1. उप प्रा. कुवेरनाथ शर्मा विभागीय प्रमुख ..........................

2. स. प्रा. जयकृष्ण शर्मा शोध निर्देशक ...........................

३ प्रा. आनन्दमान सिंह शाक्य वाह्य परीक्षक ............................

मिति : २०६८।०५।१७

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम. एड. द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि "बालविकास केन्द्रको व्यवस्थापन" नामक यो शोधपत्र तयार पारिएको छ ।

यस शोधपत्र तयारीका क्रममा आवश्यक मार्गनिर्देशन, सहयोग, परामर्श तथा सल्लाह सुझाव प्रदान गर्नु हुने आदरणीय गुरु तथा शोध निर्देशक स. प्राध्यापक श्री जयकृष्ण शर्माज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै शोध अध्ययनका लागि सिफासिर गर्नु हुने विभागीय प्रमुख उ.पा. प्राध्यापक श्री कुवेरनाथ शर्माज्यू तथा यस विभागका प्राध्यापकहरु उप. प्रा. रमाकान्त सापकोटाज्यू, उ.प्रा. देनप्रसाद लामिछानेज्यू क्याम्पस प्रशासन लगायत सम्पूर्ण सप्तगण्डकी परिवार प्रति आभार व्यक्त गर्दछु ।

यस शोधपत्र तयारीमा आवश्यक सुझाव तथा सोधिएका प्रश्नको उत्तर दिएर सहयोग पुऱ्याउनु हुने सम्बन्धित बालविकास केन्द्रका स.का., प्र.अ., वि.व्य.स. का अध्यक्ष, अभिभावहरुका साथै वि.नि., नगरप्रमुख, स्थानीय विकास अधिकारी, सेतोगुराँस बालविकास सेवा तौलिहवाका कार्यक्रम संयोजकज्यू प्रति पनि आभार व्यक्त गर्दछु । यस अध्ययन अनुसन्धानका क्रममा विशेष सहयोग पुऱ्याउनु हुने झविन्द्रप्रसाद पाण्डे र रुद्रप्रसाद पराजुलीका साथै भाषिक सुद्धताका लागि विशेष सहयोग गर्नुहुने जीवन साथी तारादेवी पौडेल प्रति कृतज्ञ छु । साथै यस शोध अध्ययनको क्रममा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण वुद्धिजिवी, शिक्षाविद्, अनुसन्धानकर्ताहरुलाई कृतज्ञता व्यक्त गर्दछु ।

यस शोध कार्यलाई कम्प्युटर प्रिन्ट गरी अन्तिम रुप प्रदान गर्न सहयोग पुऱ्याउने न्यू सौरभ फोटोकपी एण्ड फोटो स्टुडियो परिवार प्रति पनि कृतज्ञता व्यक्त गर्दछु । यो शोधपत्र यस विषयसँग सम्बन्धित विद्यार्थी, संघ, संस्था, नागरिक समाजलाई उपयोगी हुनेछ भन्ने कुरामा पूर्ण विश्वास लिएको छु ।

मिति : भाद्र २०६८

शोधकर्ता

आत्म विकास पौडेल

# शोधसार

बालविकास केन्द्रको व्यवस्थापन शीर्षकमा गरिएको यस शोधपत्रको मुख्य उद्देश्य बालविकास केन्द्रको व्यवस्थापनको स्थिति पहिचान गर्नु र त्यसका सरोकारवालाको भूमिकाको लेखाजोखा गर्नु रहेको छ ।

उक्त उद्देश्यहरु पूरा गर्नका लागि सम्भावनारहित नमुना छनोटअर्न्तगतको उद्देश्य मूलक नमुना छनोट विधिका आधारमा जि.शि.का. कविपलवस्तु, स्रोतकेन्द्र तौलिहवाअन्तर्गत क.ब.न.पा. भित्र सञ्चालित विद्यालयमा आधारित दुई वटा र समुदायमा आधारित दुई वटा बालविकास केन्द्रका स.का. प्र.अ., वि.व्य.स.का अध्यक्ष, अभिभावक, नगरप्रमुख, स्थानीय विकास अधिकारी, जि.वि.स. तथा फोकल पर्सन र सेतोगुँरास बालविकास सेवा तौलिहवाका कार्यक्रम संयोजक गरी जम्मा २२ जनासँग प्रत्यक्ष भेटघाट गरी अन्तरवार्ता प्रश्नावली र अवलोकन फारमको माध्यमबाट प्राथमिक तथ्यांक संकलन गरिएको थियो भने द्वितीय तथ्याङ्क सङ्कलनका लागि अनुसन्धानसँग सम्बन्धित विद्यालयका अभिलेखहरु, पत्र-पत्रिका, लेखरचना, बुलेटिन, अप्रकाशित शोधपत्रहरुलाई आधार लिइएको छ । अध्ययनको क्रममा प्राप्त सूचना तथा तथ्याङ्कलाई बर्णनात्मक तरिकाले व्याख्या एवम् विश्लेषण गरिएको छ ।

अनुसन्धानको क्रममा प्राप्त भएका प्राप्तिहरुलाई सामान्यीकरण गर्दा नेपाल सरकार शिक्षा मन्त्रालयदेखि विद्यालय स्तर सम्मका विभिन्न व्यक्ति, समिति , कार्यालय, संघसंस्था, एवम् निकायहरुको महत्वपूर्ण भूमिका रहेको भएतापनि बालविकास केन्द्रको हालको शैक्षिक एवम् भौतिक व्यवस्थापनमा ज्यादै कमीकमजोरी रहेको पाइयो । केन्द्रलाई अति आवश्यक पर्ने भवन, कक्षाकोठा, खानेपानी, शौचालय, खेलमैदान, स्वच्छ वातवरण, खेलकुद र मनोरञ्जनाका सामग्रीहरु, पाठ्यपुस्तक तथा अन्य सामग्रीहरुको व्यवस्थापनमा सरोकारवालाको पर्याप्त ध्यान नपुगेको पाइयो । न्यूनतम योग्यता, अप्रयाप्त तालिम, ज्यादै कम परिश्रमिकका कारण स.का. मा निष्कृयता रहेको, पर्याप्त साधन र स्रोतको अभावका कारण प्र.अ. र व्यवस्थापन समितिले व्यवस्थापन राम्रो गर्न नसकेको, अभिभावक, स्थानीय समुदाय र राजनीतिक दलको केन्द्रप्रतिको चासो नरहेको, नगरपालिका, जि.वि.स. र जि.शि.का. को बीचमा को कति जिम्मेवारी हुने स्पष्ट नीति नियम नहुँदा व्यवस्थापन प्रभावकारी हुन नसकेको पाइयो ।

बालविकास केन्द्रको दिगो विकास, प्रभावकारी व्यवस्थापन र सञ्चालनका लागि हाल व्यवस्था गरिएको सरोकारवालाको काम कर्तव्य र अधिकारमा नीतिगत परिवर्तन गरि स.का., प्र.अ., वि.व्य.स., अभिभावक, स्थानीय निकायहरु, वि.नि., संघसंस्थाहरु, स्थानीय समुदाय, नागरिक समाज, राजनैतिक दल लगायत आम सरोकारवालाको भूमिकालाई थप प्रभावकारी र उत्तरदायी बनाउनु पर्ने निष्कर्ष निकालिएको छ ।साथै बालविकास केन्द्रको स्वीकृति, स.का.को नियुक्ति, पारिश्रमिक, निरीक्षण र अनुगमनलाई पारदर्शी बनाई भौतिक व्यवस्थापनको जिम्मा स्थानीय निकाय (न.पा. र जि.वि.स.) र शैक्षिक व्यवस्थापनको जिम्मा जि.शि.कालाई दिने नीति एवम् कानुनी व्यवस्था गरी केन्द्रदेखि स्थानीय निकायसम्म छुट्टै बालविकास शाखाको गठन गरी बालविकास केन्द्रहरुलाई थप प्रभावकारी ढङ्गले सञ्चालन गर्नुपर्ने सुझाव समेत पेश गरिएको छ । यस अध्ययनले बालविकास केन्द्रका सरोकारवालाको भूमिकामा समेत थप प्रभावकारिता ल्याउन मद्दत पुर्‍याउने अपेक्षा गरिएको छ ।

# विषय सूची

| | |
|---|---|
| **सिफारिस-पत्र** | **I** |
| **स्वीकृति-पत्र** | **II** |
| **कृतज्ञता** | **III** |
| **शोधसार** | **IV** |
| **विषय सूची** | **VI** |
| **संक्षिप्तशब्दावलीसूची** | **VIII** |

**परिच्छेद एक : परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | 1 |
| १.२ समस्याको कथन | 5 |
| १.३ अध्ययनको औचित्य | 6 |
| १.४ अध्ययनको उद्देश्य | 7 |
| १.५ अनुसन्धनात्मक प्रश्नहरू | 7 |
| १.६ अध्ययन परिसीमा | 8 |

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | 9 |
| २.१ अध्ययनको सैद्धान्तिक खाका | 14 |
| २.३ शैक्षिक उपादेयता | 16 |

**परिच्छेद तिन : अध्ययन विधि**

| | |
|---|---|
| ३.१ अनुसन्धानको ढाँचा | 17 |
| ३.२ जनसंख्या र नमुना छनौट प्रकिया | 17 |
| ३.३ अध्ययनका साधनको निर्माण | 18 |
| ३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरू | 19 |

३.४ तथ्याङ्क सङ्कलन विधि 19

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण 19

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**

४.१ बालविकास केन्द्रको व्यवस्थापनको स्थिति 20

४.१.१ बालविकास केन्द्रको स्वीकृति र सञ्चालन 20

४.१.२ सहयोगी कार्यकर्ताको नियुक्ति प्रक्रिया र पारिश्रमिकको व्यवस्था 22

४.१.३ केन्द्र व्यवस्थपन समितिको गठन 23

४.१.४ केन्द्रको भौतिक व्यवस्थापन 24

४.१.५ केन्द्रको शैक्षिक व्यवस्थापन 25

४.१.६ विद्यार्थी भर्ना र खाजा व्यवस्था 26

४.१.७ स्वास्थ्य संस्थासँगको सम्बन्ध 27

४.१.८ अभिभावक शिक्षा, सचतेना कार्यक्रम र केन्द्रको प्रचार प्रसार 27

४.१.९. तालिम र अभिमुखीकरण कार्यक्रमको व्यवस्था 28

४.१.१० तथ्याङ्क र अभिलेख व्यवस्थापन 28

४.१.११ निरीक्षण अनुगमनको व्यवस्था 29

४.२ बालविकास केन्द्रलाई व्यवस्थित गर्न सरोकारवलाको भूमिका 29

४.३ बालविकास केन्द्रको व्यवस्थापनमा देखा परेका समस्या 31

४.४ बालविकास केन्द्र व्यवस्थापनलाई प्रभावकारी बनाउने उपाय 35

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ प्राप्ति 40

५.२ निष्कर्ष 41

५.३ सुझाव 43

**सन्दर्भ ग्रन्थहरू**

**अनुसूचीहरू**

# संक्षिप्त शब्दावली सूची

| | |
|---|---|
| गा.वि.स. | : गाउँ विकास समिति |
| जि.शि.का | : जिल्ला शिक्षा कार्यालय |
| जि.वि.स | : जिल्ला विकास समिति |
| न.पा. | : नगरपालिका |
| प्र.अ. | : प्रधानाध्यापक |
| प्रा.वि. | : प्राथमिक विद्यालय |
| मा.वि. | : माध्यमिक विद्यालय |
| वि.नि. | : विद्यालय निरिक्षक |
| वि.व्य.स. | : विद्यालय व्यवस्थापन समिति |
| स.का. | : सहयोगी कार्यकर्ता |
| क्षे.सि.नि. | : क्षेत्रीय शिक्षा निर्देशनालय |